# प्रेस विज्ञप्ति

## मुक्तिनाथ विकास बैंकका ग्राहकहरुलाई अनलाइन सपिङ्ग बजेट पसल डट कममा विशेष छुट

**मितिः २०७८/१०/१७**

मुक्तिनाथ विकास बैंक लि.ले आफ्ना भिषा डेबिट कार्डवाहक तथा मोबाइल बैंकिङ्ग ग्राहकहरुलाई थप सेवा दिन काठमाडौं उपत्यकामा सञ्चालित अनलाइन सपिङ्ग **बजेट पसल डट कम** (www.budgetpasal.com) सँग व्यवसायिक सम्झौताहरुमा हस्ताक्षर गरेको छ । बजेट पसल डट कम द्धारा केही क्लिकबाटनै सजिलै विभिन्न सामाग्रीहरु जस्तै खाद्य वस्तुहरु, मोबाइल , ल्यापटप तथा अन्य विद्युतीय सामाग्री , घरेलु सरसफाई, सुन्दरताका सामाग्री तथा अन्य सामान सजिलै अनलाइन खरिद गर्न सकिने छ । होम डेलिभरीको व्यवस्था रहेको हुँदा यो सेवा आफू व्यस्त रहेको समय र कोरोनाको समयमा पनि निकै उपयुक्त रहने बैंकले विश्वास लिएको छ ।

सम्झौता अनुसार मुक्तिनाथ विकास बैंकका भिषा डेबिट कार्डवाहक तथा मोबाइल बैंकिङ्ग ग्राहकहरुले बजेट पसल (www.budgetpasal.com) बाट रु ३,००० भन्दा बढिको सामान अनलाइन खरिद र भुक्तानी गर्दा **५ % सम्म** छुट को फाइदा लिनसक्नेछन् ।

बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको ATM Card प्रयोग गरी नेपालभरी रहेको VISA Network मा आवद्ध अन्य जुन सुकै बैंकको ATM Machine बाट निशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ । त्यसै गरी मोबाईल बैंकिङ्ग, क्यूआर कोड, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा, ***मिस्डकल बैंकिङ्ग (बचत सेवाको लागिः ९८०११९००२२, कर्जा सेवाको लागिः ९८०११९००२३)*** आदि जस्ता सेवाहरु बैंकको शाखामा भौतिक रुपमा उपस्थित नभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको छ ।

प्रमुख सूचना अधिकारी
श्री तिल बहादुर गुरुङ्ग

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD